

# ८ स्वतन्त्रसँग विश्राम वा आराम

*यस अध्यायका मूल पदहरू:* मर्कूस २:१-१२, १ राजा १८, १ राजा १९:१-८, मत्ती ५:१-३, यशैया ५३:४-६ र २ राजा २:११।

*यस अध्यायको मूल सार पद:* **"प्रभु नै मेरो ज्योति र मेरो उद्धारकर्ता हुनुहुन्छः म कोसित डराउने र? मेरो जीवनको बल वा किल्ला परमेश्वर हुनुहुन्छः म कोसित भयभित हुने र?" (भजन २७:१ रूपान्तरित)।**

यस संसारमा मानव शरीरमा येशू रहनुहुँदा उहाँको सेवाकार्यमा भेटिने प्रायजसो मानिसहरू बिरामी थिए र कहिलेकाहीँ त मर्न लागेका वा मरेकाहरू पनि हुन्थे। तिनीहरू येशूकहाँ निको पारिन र दुःखकष्ट बिसाउन उर्लेर आउँथे। तिनीहरूले उहाँलाई जहिले पनि खुला हृदयले सम्मान गर्थे।

कहिलेकाहीँ उहाँले केवल बोल्नुमात्र हुन्थ्यो, र तिनीहरू पूरै निको हुन्थे। कहिलेकाहीँ उहाँले बिरामीहरूलाई छुनुहुन्थ्यो, र अचम्म तरिकाले निको हुन्थ्यो। कहिलेकाहीँ उहाँले जानु भनेर अऱ्हाउनुहुन्थ्यो, र जाँदा जाँदै तिनीहरू निको हुन्थे। येशूले पुरुषहरूलाई, स्त्रीहरूलाई, केटाकेटीहरूलाई, यहूदीहरूलाई, यहूदी नभएका अरू जाति वा विदेशीहरूलाई, धनी मानिसहरूलाई र गरिबहरूलाई निको पार्नुभएको थियो। उहाँले कुनै जातभात, धर्म, ठूलो सानो, धनीगरिब, वर्ण, देशीविदेशी, स्त्रीपुरुष नभनी उहाँकहाँ आउने सबैलाई निको पार्नुभएको थियो। कुष्ट रोगी र अन्धा जस्तो समाजबाट तिरस्कृत मानिसहरू पनि उहाँको पहुँचभन्दा बाहिर थिएन। अझ उहाँले सबै बिमार भन्दा चर्को बिमार "मृत्युलाई" पनि निको पार्नुभयो।

येशूले गर्नुभएको विभिन्न चङ्गाइ कामहरूमा दुई अत्यन्तै फरक उदाहरणहरू यस अध्यायमा हामी हेर्नेछौं। एउटाचाहीँ एक जना मानिस यस्तो बिमार भएको थियो कि ऊ येशूकहाँ आफै आउन पनि सकेको थिएन। अर्को

चङ्गाइमा त्यस व्यक्तिलाई निको पार्नुभएको थियो कि बाहिरीरूपमा केही बिमार देखिन्दैनथ्यो। तर दुवै परमेश्वरको समयमा तिनीहरू निको भए र त्यो पनि उहाँको तरिका अनुसार।

जब हामी पिडा र कष्टबाट राहत पाउने वा विश्राम पाउने विषयमा हामी खोजनीति गर्छौं तब हामी सबैलाई छेडिएको प्रश्नको बारेमा ध्यान दिनेछौं, जुन हाम्रो येशूभक्तको जीवनमा कुनै न कुनै तरिकाले अनुभव गरेका हुन्छौं। विरामीहरूको लागि प्रार्थना गर्दा त्यसको जवाफ नपाउँदा हामीलाई के हुन्छ? ***यस्तो परिस्थितमा हामी कसरी विश्राम पाउने वा शान्त हुने?***

## १. विश्राम दिने वा आराम दिने चङ्गाइ

यदि हाम्रो शरीरलाई आराम कहिले चाहिन्छ भने हामी बिरामी भएको बेलामा चाहिन्छ। हामीलाई शारीरिक विश्राम चाहिन्छ ताकि हामी रोगसँग लड्न सकौं। र प्रायजसो हामीलाई मानसिक विश्राम पनि चाहिन्छ। कहिलेकाहीँ सामान्य रुघा खोकी वा टाउको दुख्ने बेलामा पनि आराम भए हुन्थ्यो भनेर हामी चाहन्छौं। हाम्रो शरीरले आराम माग्दा हामी आराम गर्दछौं र अनेकौं कुराहरू गर्नुपर्ने भनेर पनि सोचिरहेका हुन्छौं तर त्यसबेला हामी गर्न नसक्ने अवस्थामा रहन्छौं।

कहिलेकाहीँ हामी गम्भिर बिरामी हुन्छौं र मर्ला जस्तो पनि होला र हाम्रो डाक्टरी रिपोर्टले के भन्ला भनेर चिन्ता पनि गर्छौं (जस्तै कोभिडको समयमा पिसिआरको रिपोर्ट)। अनि त्यसैबेला प्रायजसो हामी सोध्छौं यो सबै किन भयो। के हामीले हाम्रो शरीर परमेश्वरको मन्दिर हो भनेर थाहा पाउँदा पाउँदै पनि त्यसलाई वेवास्ता गर्दा हामी बिरामी भएका हौं र वा अस्वस्थ जीवनशैली अपनाउँदा? वा वीस वर्ष अघि खान नहुने लागु पदार्थ खान्दा भएको हो र? वा हामी चाहिनेभन्दा बढि वजन वा मोटोपना भएर हिँडिरहेकोले हो कि? वा कसैले थाहा नपाएको गुपचुपको पापले गर्दा परमेश्वरले हामीलाई सजायँ दिइरहनुभएको हो कि?

**मर्कूस २:१-४ पढ्नुहोस्। यहाँ के भइरहेको छ? "१ केही दिनपछि उहाँ कफर्नहुम फर्कनुभयो, अनि मानिसहरूले उहाँ घरमा हुनुहुन्छ भन्ने सुने। २ अनि यति धेरै मानिसहरू जम्मा भए कि तिनीहरू त्यहाँ अटाएनन्, यहाँसम्म कि ढोकाको बाहिर पनि ठाउँ भएन, र उहाँले तिनीहरूलाई परमेश्वरको वचन प्रचार गर्दैहुनुहुन्थ्यो। ३ अनि चार जनाले बोकेको एक जना पक्षाघातीलाई लिएर मानिसहरू उहाँकहाँ आए। ४ भीड़को कारणले येशूको नजिक त्यस मानिसलाई**

**पुऱ्याउन नसक्दा तिनीहरूले उहाँ हुनुभएको ठाउँको माथिको छाना खोले, र उघारिएको ठाउँबाट पक्षाघातीलाई त्यो सुतेको खाटसमेत तल ओह्रालिदिए।"**

पक्षाघात भएको मानिस किन बिरामी किनभयो भन्ने कुरालाई हामी केवल छवास्समात्र थाहा छ। एलेन जी ह्वाइटको पुस्तक *द डिजाएर अभ एजेजको* पृ. २६७-२७१मा उसको पृष्टभूमिको बारेमा केही थाहा दिइएको छ। आफूले जे नगर्नुपर्ने थियो त्यही काम जानाजानी त्यस पक्षाघात भएको मानिसले गरेको थियो। उसको पापी र भ्रष्ट जीवनले उसलाई बिमारमा पारेको थियो। धर्मका गुरुहरूले उसलाई पापको परिणामले त्यस व्यथा लागेको हो भनेर ठम्याएका थिए। आफ्नै पापको कारण उसले आफूमाथि रोग ल्याएको थियो र त्यसलाई निको हुने कुनै उपाय थिएन।

यस खालको मनस्थिति प्रायजसो सामान्य हुन सक्छ। कतिपय समयमा कसले पाप वा अपराध गऱ्यो भन्ने कुरामा हामी बढी चासो देखाइरहेका हुन्छौं। यदि कसैले अपराध गऱ्यो भने उसले त्यसको मोल तिर्नुपर्छ भन्ने कुरामा हामी जिकिर गर्दछौं। यदि कहीं दुर्घट्ना भयो भने त्यो दुर्घटना गराउनेले मोल तिर्नुपर्छ वा उसको विरुद्धमा मुद्दा हाल्नुपर्छ भनेर हामी सुरिन्छौं। तर जब हामी बिरामी हुन्छौं वा कोही बिरामी हुन्छ भने कसैलाई दोष दिइरहँदा त्यसले बिरामी निको हुँदैन।

परमेश्वरको सृष्टिको सुरुको योजनामा पिडा, दुःख, कष्ट, रोगव्याधी जस्ता शरीरलाई दुःख दिने तत्वहरू समावेश भएका थिएनन्। यस संसारमा पापले हस्तक्षेप गरेपछिमात्र रोग भित्रियो। त्यसैकारण परमेश्वरले हामीलाई कसरी स्वस्थ रहनुपर्छ भनेर स्वास्थ आचारसंहिता वा नीतिहरू दिनुभएको छ ताकि हामी अहिले नै गुणस्तर जीवन बिताएर रमाइलो गर्न सकौं। तर तितो सत्य यो पनि हो कि जबसम्म हामी यस पापले क्षतबिक्षत भएको संसारमा रहिरहन्छौं तबसम्म हामी जतिसुकै सुस्वास्थ नीति अपनाएर चलेतापनि हामी सधैं स्वस्थ नै रहिरहनेछौं भन्ने ग्यारेन्टी वा कबुल गर्न सकिँदैन।

तर हामीले पाएको शुभसमाचार त यो हो कि चाहे हामी स्वस्थ रहौं वा बिरामी होऔं परमेश्वरले हामीलाई विश्राम वा आराम दिन सक्नुहुन्छ। हामीहरूको बिमार हाम्रै कारणले होस् वा अर्कै वेवास्ताको कारणले होस्, वा बंशजले होस् वा यस पापी संसारमा रहिरहेकोले सजायँ पाइरहेकोले होस् हामीलाई कसरी आराम वा विश्राम दिने भन्ने कुरा परमेश्वरलाई थाहा छ।

**याद गर्नुहोस्, कोही बिरामी भयो भने किन के कारणले कसको कारणले भयो भनेर खोजनीति गरेर दोष दिइरहनु आवश्यक छैन। फेरि त्यसैवखत के कारणले बिमार भयो त्यो थाहा पाउन सकियो भने त्यसले निको पार्ने उपाया पत्ता लगाउन निर्णायक भूमिका कसरी खेल्न सक्दछ?**

## २. जरैदेखि उपचार

छाना उघारेरै माथिबाट पक्षाघात भएको मानिसलाई येशूको सम्मुख ओराल्दछ। त्यसबेला सबैका आँखाहरू येशूतिर लगाउँछन्। पापले क्षतिबिक्षत भएको मानिसलाई येशूले निको पार्नुहुन्छ होला? उहाँले के बिरामी निको हुने बोलि बोल्नुहुन्छ होला?

**येशूले त्यस पक्षाघातलाई कसरी निको पार्नुभयो? पहिलो कुरो येशूले उसलाई के गर्नुहुन्छ? हेर्नुहोस्, मर्कूस २:५-१२ "५ येशूले तिनीहरूको विश्वास देखेर त्यस पक्षाघातीलाई भन्नुभयो, "ए छोरा, तिम्रा पापहरू क्षमा भए।" ६ तर त्यहाँ केही शास्त्रीहरू बसिरहेका थिए, र आफ्ना मनमा यसो भनेर विचार गरिरहेका थिए, ७ "यस मानिसले किन यसरी बोल्दछ? यो त ईश्वर-निन्दा हो। केवल एक, अर्थात् परमेश्वरले बाहेक अरू कसले पाप क्षमा गर्न सक्छ?" ८ अनि तिनीहरू आपसमा यसरी विचार गर्दैछन् भन्ने येशूले तुरुन्तै आफ्नो आत्मामा थाहा पाएर तिनीहरूलाई भन्नुभयो, "किन तिमीहरू आफ्ना मनमा यस्तो विचार गर्दैछौ? ९ पक्षाघातीलाई 'तिम्रा पापहरू क्षमा भए' भन्नु, कि 'उठ, तिम्रो खाट उठाएर हिंड' भन्नु, कुनचाहिँ सजिलो छ? १० तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले जान।" तब उहाँले त्यस पक्षाघातीलाई भन्नुभयो, ११ "म तिमीलाई भन्दछु, उठ, तिम्रो खाट उठाऊ, र घर जाऊ।" १२ त्यो उठ्यो, र तुरुन्तै खाट उठाएर सबैका सामुन्नेबाट गइहाल्यो। यहाँसम्म कि, सबै जना आश्चर्य-चकित भए, र "हामीले यस्तो त कहिल्यै देखेका छैनौं" भन्दै तिनीहरूले परमेश्वरको महिमा गरे।"**

कतिपय समयमा रोगको लक्षण देखा नपरेसम्म हामीमा रोग छ भनेर थाहा पाउँदैनौं र अझ कतिपय समयमा रोग नै केवल लक्षणमात्र हो भनेर हल्का पाराले सोच्दछौं। रोगको लक्षणलाई हटाउन सक्यौं भने हामी निको हुन्छौं भनेर हामी सोच्छौं। तर येशूले रोगलाई अर्कै तरिकाले हेर्नुभएको थियो। सबै रोग र कष्टको जरो के हो सो उहाँलाई थाहा छ। त्यसकारण उहाँले त्यस जरोलाई पहिले सम्हाल्न चाहनुहुन्छ।

यस पक्षाघातको मामिलामा येशूले रोगलाई नै तुरन्तै लक्षित गरेर निको पार्ने गरेर सम्बोधन गर्नुहुन्न। तर उहाँले त्यस रोगको जरो के हो जसले गर्दा यस मानिसलाई अत्यन्तै चिन्तित बनाएको थियो त्यसमा सिधै हान्नुहुन्छ। आफ्नो रोगभन्दा पनि आफ्नो अपराधको दोष र परमेश्वरबाट टाढा हुन गएको भारी त्यस पक्षाघात मानिसले बोकेको थियो। यस पापले क्षतविक्षत भएको संसारमा जुनसुकै शारीरिक कष्ट झेल्नुपरेतापनि यदि मानिसले परमेश्वरमाथि भरोसा राख्छ र उहाँमा आराम लिन्छ भने उसले त्यस कष्टलाई सहन सक्ने हुन्छ। त्यसकारण रोगको जरामा नै येशूले हान्नुहुन्छ र पहिले उहाँले उसलाई क्षमा दिनुहुन्छ।

जब येशूले उसलाई क्षमाको बोलि बोल्नुभयो तब धर्मका गुरुहरूको दिमागमा धक्का पर्दछ। तिनीहरूले उहाँसँग परमेश्वरलेमात्र क्षमा दिन सक्ने अधिकार भएको तर उहाँले कसरी त्यो अधिकार प्रयोग गर्नुभयो भनेर मनमनैबाट स्पष्टिकरण माग्दछन्।

**मर्कूस २:८,९ पढ्नुहोस्। धर्मका भार बोक्ने ती शास्त्री वा धर्मगुरुहरूलाई उहाँले के चुनौति दिनुहुन्छ? तिनीहरूको निम्ति मानिस होइन धर्म ठूलो थियो। यहाँ येशूले कुन खास विषयमा सम्बोधन गर्दै हुनुहुन्छ? हेर्नुहोस्, "८ अनि तिनीहरू आपसमा यसरी विचार गर्दैछन् भन्ने येशूले तुरुन्तै आफ्नो आत्मामा थाहा पाएर तिनीहरूलाई भन्नुभयो, "किन तिमीहरू आफ्ना मनमा यस्तो विचार गर्दैछौ? ९ पक्षाघातीलाई 'तिम्रा पापहरू क्षमा भए' भन्नु, कि 'उठ, तिम्रो खाट उठाएर हिँड' भन्नु, कुनचाहिँ सजिलो छ? "**

सर्वसाधारण मानिसहरूले जे पनि सजिलैसँग कुरा गर्न सक्छन्। तर जब परमेश्वर बोल्नुहुन्छ तब त्यसको वजन हुन्छ। परमेश्वरको शक्तिसम्पन्न वचनले सबै थोकको अस्तित्व हुन आएको थियो (उत्पत्ति १)। क्षमा भनेको कुनै सस्तो मोलको पनि हुँदैन। यसको मोल ठूलो हुन्छ। मानिसलाई क्षमा दिन परमेश्वरको पुत्रले क्रूसमा ठूलो मोल चुकाउनुभएको थियो। मानिसको जीवनमा क्षमा पछि अरू सबै गुणहरू कम महत्त्वको हुन्छ। अनि येशूले आफ्नो क्षमा दिने शक्ति र वास्तविकताको प्रदर्शन गर्न उहाँले त्यस पक्षाघातलाई निको पार्ने निर्णय गर्नुहुन्छ।

परमेश्वरले हाम्रो हृदयको रोग पहिले निको पार्न चाहनुहुन्छ। र कहिलेकाहीँ उहाँले शारीरिक चङ्गाइ तुरन्तै गर्नुहुन्छ जस्तै यस पक्षाघातीको मामिलामा गर्नुभयो। वा कहिलेकाहीँ हामी शारीरिकरूपमा पूरै निको भएको

अनुभव गर्न पुनरुत्थानको बिहान नहुञ्जेल पर्खिनुपर्ने हुन्छ। जेभएतापनि हाम्रो मुक्तिदाताले उहाँको प्रेम, अनुग्रह र क्षमाशीलतामा विश्राम लिएको चाहनुहुन्छ। अहिले पनि हामी जुनसुकै कष्टमा परिरहेको भएतापनि उहाँले हामीलाई आराम दिन चाहनुहुन्छ।

**निको पारिने हाम्रो प्रार्थनाको जवाफ अहिले नपाएतापनि हामी उहाँमा कसरी विश्राम र शान्ति पाउन सक्छौं? त्यो पनि अहिले नै?**

## ३. परिस्थितिबाट भाग्नु

विश्वस्वास्थ संगठनले संसारमा प्रत्येक वर्ष तीस करोडभन्दा मानिसहरूलाई नदेखिने तर प्रायजसो सबैलाई लाग्ने रोगको बारेमा जानकारी दिएको छ। त्यो रोगको लक्षणहरू बाहिरिरुपमा देखिन्दैन। त्यो रोग हो उदासिनता वा नैराश्यता। यही रोगले गर्दा यस संसारले जताततै अरू रोगहरूको भार पनि बोकिरहनु परिरहेको छ।

प्रयाजसो इसाई धर्ममा उदासिनताको बारेमा चर्चा गरिँदैन। किनभने कोही मानिस उदास भयो भने उसको विश्वास कम रहेछ भने मानिसहरूले औँल्याउँछन्। आखिरमा के सबै इसाईहरू खुशी र आनन्द जस्ता गुणहरूले भरिभराउ हुनुपर्ने होइन र? तब परमेश्वरसँग ठीक सम्बन्ध नभएकोले इसाईहरू उदासिन हुन पुगेको होइन र?

धेरैजसोलाई यो थाहा छ कि यो सत्य होइन। परमेश्वरप्रति बफादार हुने र विश्वासमा बलियो हुने इसाईहरू पनि बेलाबेलामा उदास हुन सक्छ। जत तिनीहरूले नसोचेको अप्रिय घट्नामा पर्छ वा त्ससँग मानसिक संघर्ष गरिरहन्छन् तब तिनीहरूलाई उदासिनता वा नैराश्यताको बादलले घेर्न सक्छ। त्यसले तिनीहरूमा विश्वासको कमजोरी वा परमेश्वरमाथि भरोसा नभएको भन्न मिल्दैन। फेरि भजनसंग्रह पढन् हामी सुझाव दिन्छौं। त्यसमा परमेश्वरका जनहरूले दुःख पाएर अनेकौं पीडा, कष्ट र सुर्ता भोगेको चित्कारहरू पढ्न पाइन्छ।

कहिलेकाहीँ हामीमा उदासिनता बिस्तारै र चुपचापसाथ घुसिरहेको हुन्छ। जब त्यसले बलियो गरि पक्रिन्छ अनिमात्रै हामी उदासिनताको रोगले सताएको महसुस गर्दछौं। कहिलेकाहीँ भावनात्मक चोट वा शारीरिक घट्नाले गर्दा तुरन्तै उदासिनको पञ्जामा पर्न सक्छौं। परमेश्वरको धरोहर मानिएको बफादारी र विश्वासिलो एलिया पनि कार्मेल पहाडको घट्ना पछि अत्यन्तै थकित, पेलान र मनोवैज्ञानिक र शारिरिकरूपमा घस्रिन पुगेका थिए।

आफ्नो प्रार्थनाको प्रत्युत्तरमा परमेश्वरले आकाशबाट आगो पठाउनुभएर आफ्नो बलि भष्म पार्नुभएको अचम्मको काम एलियाले देखेका थिए। तीन वर्षसम्म पानी नपरेर खडेरी भएको जमिनमा पानी परेर सबैलाई खुशी तुल्याएको उनले देखेका थिए। तर यजबेलको धम्किलाई सहन नसकेर उनी भाग्नुपर्दा उनको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस्, १ राजा १९:१-५ "१ अब एलियाले गरेका सबै काम र तिनले सबै अगमवक्ताहरूलाई तरवारले मारेको कुरो आहाबले ईजेबेललाई सुनाइदिए। २ यसकारण ईजेबेलले एलियाकहाँ यसो भनेर एउटा समाचारवाहक पठाइन्, "जसरी तैंले उनीहरूको प्राण लिइस्, त्यसरी नै भोलि यही बेलासम्म तेरो प्राण पनि मैले लिइनँ भने, देवताहरूले मलाई त्यस्तै वा त्योभन्दा बढ़ी व्यवहार गरून्।" ३ एलिया डराए, र आफ्नो प्राण बचाउनलाई भागे। जब तिनी यहूदाको बेर्शेबामा पुगे, तब तिनले आफ्नो चाकरलाई त्यहीं छाड़े, ४ र आफूचाहिँ मरुभूमिमा एक दिनको बाटो गए। तिनी अम्रिसको एउटा झाड़ीमा आइपुगे, र त्यसमुनि बसेर आफ्नो मृत्युको निम्ति प्रार्थना गर्न लागे। तिनले भने, "हे परमप्रभु, मेरो प्राण लिनुहोस्, मैले पूरै भोगिसकें। म त मेरा पिता-पुर्खाहरूभन्दा असल छैनँ!" ५ तब तिनी त्यही झाड़ीमुनि ढल्के र भुसुक्कै निदाए।"

चौविस घन्टासम्म एलियाको समय अत्यन्तै कठोर थियो। त्यसमा पनि उनमाथि निष्ठुर मृत्यको धम्किले उनलाई ठूलो आघात पारेको थियो। त्यस परिस्थितिमा उनी उदास हुने स्वभाविकै थियो। बाल देवताका पुजारीहरूलाई मार्दा एलिया त्यहीं थिए। कतिलाई त उनले आफ्नै हातले मारेका पनि थिए होलान् (१ राजा १८:४०)। धर्मको रक्षा गर्ने काममा आफू लाग्दा लाग्दै पनि रानीले उनलाई मार्ने धम्कि पाउनु उनको निम्ति ठूलो आघात भएको थियो। उनको आत्मिक जीवनको अनुभवमानै ठूलो चोट पुगेको थियो।

अब के गर्ने? उनी आफ्नो ज्यान बचावको निम्ति भाग्न थाल्छन्। कहिलेकाहीँ हाम्रो स्वादलाई रमाउन मनपर्ने खानेकुरोतिर भाग्छौं। हामिहरूको थकान र पेलानलाई राहत दिन हामी सुत्न खोज्छौं। कहिलेकाहीँ हामी नयाँ साथीलाई खोज्न थाल्छौ, वा नयाँ कामको पनि खोजि। अझ कुनै एकान्त ठाउँमा जान भाग्न पनि खोज्छौं। आफ्नो बेचैन मनलाई साम्य पार्न हामी अझ धेरै कामहरू पनि गर्न खोज्छौं वा तिनीहरूमा खटछौं पनि। हामीका भएका आनन्द र विश्राम सुकेर गएकोले हामी आकुलव्याकुल हुन्छौं। कतिपय त

सुत्ने औषधीहरू खाएर हामीमा भएका पिडाहरूलाई साम्य पार्न खोज्छौं। तर ती सबै केवल लक्षणहरूलाई मुकुण्डोमात्र लगाइदिन्छ। बाहिरिरूपमा ठीक भएको देखाउँछन् तर भित्री मानसिकतामा धमिराले खाइरहेको हुन्छ। विभिन्न तत्वहरूतिर भाग्ने प्रक्रियाले हाम्रो समस्या समाधान हुँदैन बरू झन झन जटिल पार्दछ।

## ४. भाग्दा भाग्दै थाकिएको

एलिया भाग्दा भाग्दै थाकेको हुन्छ र उनी भाग्नै नसक्ने अवस्थामा पुग्छन्। उनले फेरि प्रार्थना गर्छन्। उनको यो प्रार्थना कार्मेल पहाडमा बाल देवताका पूजाहारीहरूलाई चुनौति दिने खालको प्रार्थनाभन्दा फरक थियो। त्यसबेला उनको प्रार्थना विश्वासले खाँदिएको थियो र परमेश्वरले त्यसबेला उनको प्रार्थना तुरन्तै जवाफ दिनुभएको थियो (१ राजा १८:३६,३७)। बाल देवताका सारा पुजाहारीहरू र अगमवक्ताहरू, राजाका दरवारका सदस्यहरू र साधारण जनसमुदायको सामु एलियाले सरल र चुनौतिपूर्ण आपतकालिन प्रार्थना उनले गरेका थिए।

**अब रानीको धम्किबाट भागेर निराश भएर परमेश्वरसँग आफ्नो जीवनको अन्त्यको भिष माग्दै छोटो प्रार्थना गर्दछन्। उनले भन्छन् आफू आफ्ना पूर्खाहरूभन्दा असल छैन। उनले त्यसो किन भनेका थिए? हेर्नुहोस् १ राजा १९:४ "आफूचाहिँ मरुभूमिमा एक दिनको बाटो गए। तिनी अम्रिसको एउटा झाड़ीमा आइपुगे, र त्यसमुनि बसेर आफ्नो मृत्युको निम्ति प्रार्थना गर्न लागे। तिनले भने, “हे परमप्रभु, मेरो प्राण लिनुहोस्, मैले पूरै भोगिसकें। म त मेरा पिता-पुर्खाहरूभन्दा असल छैनँ!”**

जब थाकेर एक छिन आरामको महसुस एलियाले गर्छन् तब आफूले गरेको नराम्रो कामले अपराध गरेको महसुस हुन्छ (सायद बालका अगमवक्ताहरूलाई जोशले मारेकोले होला जुन परमेश्वरको आदेशै थिएन-अनुवादक)। जब आकाशबाट आगो वर्षेर बेदी र त्यसमा भएको बलिलाई भष्म गरियो त्यसबेला उनले इस्राएलमा ठूलो आत्मिक जागरण ल्याउने अवसर मिलेको थियो। सारा इस्राएलमा उनले सुधार ल्याउन सक्थ्यो। चाहिएको बेलामा उनी भाग्नुपर्दा उनले मानिसहरूलाई निराश पारेको उनले महसुस गरेका थिए। अब उनले केही गर्न पनि उनमा शक्ति थिएन। अब उनले आत्मआलोचना गरेर आफ्नो पिडा परमेश्वरको सामु पोख्छन्। उनका

जनहरूको इतिहास राम्रैसँग जानेकोले आफू पनि तिनीहरूभन्दा कम छैन भनेर स्वीकार्दछन्। आफू को हो भनेर उनी महसुस गर्न पुगेको हुन्छ।

यथार्थमा हामी को पो रहेछौं भनेर आत्मआलोचना गरेर थाहा पाउनुपर्दा हामीलाई पिडा हुनसक्छ होइन त? हामी परमेश्वरप्रति धन्यवादी हुनुपर्छ कि हाम्रो पापको बाबजुद पनि उहाँले हामालाई येशूको आँखाले हेर्छु भनेर प्रतिज्ञा गर्नुभएको छ। यो भन्दा अरू ठूलो आशा हामीमा के हुनसक्छ र? अझ विश्वासद्वारा हामीले ख्रीष्टको धार्मिकतालाई हामीले दावी गर्न सक्छौं। हेर्नुहोस् फिलिपी ३:९ "सम्पूर्ण रूपले म उहाँमा भएको पाइन सकूँ। व्यवस्थामाथि आधारित भएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो ख्रीष्टमाथि निर्भर हुन्छ, जुनचाहिँ विश्वासद्वारा परमेश्वरबाट आउने धार्मिकता हो।"

यद्यपि, उदासिनताले आत्मग्लानी भएर अन्धकारको भुमरीमा हामी पर्न सक्छौं। कतिपय समयमा हाम्रो मृत्यु नै त्यसबाट राहत दिन्छ भन्ने सोचमा पुग्दछौं।

एलियाको मामिलामा त्यही भएको थियो। जे भयो उनको निम्ति असह्य भएको थियो। उनले परमेश्वरसँग पुकार्दछन्, "अब जे भयो भयो। मलाई पुग्यो। अब मेरो ज्यान लिनुहोस्। म त मेरा बाबुहरूभन्द असल छैन!" (१ राजा १९:४ रूपान्तरित)।

हामीलाई खुशीको खबर त यो छ कि परमेश्वरले एलियालाई दोष दिनुहुन्न। हामीलाई निको पार्ने महान् चङ्गाइकर्तालाई हाम्रा पिडाहरू थाहा छ। जब हामी उदासिनता र व्याकुलतासँग संघर्ष गर्छौं तब हामीलाई भन्दा परमेश्वरलाई हाम्रो संघर्ष थाहा छ।

"कतिपय समयमा हाम्रो उद्धारकर्ताको अनुहार हामीमाथि निहुरिएर परिरहेको कुनै उल्लेखनीय प्रमाण नहोला। अझ भन्ने हो भने हाम्रो जीवनको संघर्षमा त्यस्तै भइरहेको अनुभव गर्दछौं। उहाँको प्रतक्ष्य स्पर्श हामीलाई अनुभव नहोला। तर उहाँको हात हामीमाथि उहाँको प्रेम र कोमलताले भरिएर राखिरहनुभएको छ।"-एलेन जी ह्वाइट, *स्टेप्स टु क्राइस्ट,* पृ. ९७बाट रूपान्तरित।

परमेश्वरलाई थाहा छ र बुझ्नुहुन्छ कि एलिया भागेर पुग्ने ठाउँ धेरै टाढा छ (१ राजा १९:७)। हाम्रो बारे त्यो पनि उहाँलाई थाहा छ र

कहिलेकाहीँ उहाँ पर्खिनुहुन्छ ताकि हामी भाग्नबाट रोकौं। अनि उहाँले हस्तक्षेप गर्न सक्नुहुन्छ।

कतिपय समयमा पानीमा डुबिरहेको मानिस अत्यन्तै अन्यौलमा परेर आफूलाई उद्धार गर्ने मानिससँग पनि भिडन्त गरिरहेको हुन्छ। अनि त्यस सुरक्षा दिन मानिस केही समय पछि हट्छ ताकि त्यस डुविरहेको मानिस अचेत हुन्छ अनि उसलाई उद्धार गर्न सजिलो हुन्छ।

**देहायका पदहरूमा के आशा र सान्त्वना तपाईंले पाउन सक्नुहुन्छ? हेर्नुहोस्, भजन ३४:१७-१९ "१७ जब धार्मिक जनहरूले पुकार गर्छन्, तब परमप्रभुले सुन्नुहुन्छ, र तिनीहरूका सबै सङ्कष्टबाट तिनीहरूलाई उद्धार दिनुहुन्छ। १८ चूर्ण हृदय भएकाहरू सबैका नजिक परमप्रभु हुनुहुन्छ, दर निराश भएकाहरूलाई उहाँले बचाउनुहुन्छ। १९ धार्मिक मानिसलाई धेरै विपत्ति आइलाग्छन्, तर परमप्रभुले त्यसलाई ती सबैबाट उद्धार गर्नुहुन्छ।", मत्ती ५:१-३ "१ भीड़लाई देखेर उहाँ डाँड़ामा उक्लनुभयो, र उहाँ बस्नुभएपछि चेलाहरू उहाँकहाँ आए। २ उहाँले मुख खोल्नुभयो र तिनीहरूलाई शिक्षा दिन लाग्नुभयोः ३ "धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो।", भजन ७३:२६ "मेरो तन र मन दुवै विफल होलान्, तर परमेश्वर सदासर्वदाको निम्ति मेरो हृदयको शक्ति र मेरो भाग हुनुहुन्छ।" र यशैया ५३:४-६ "४ निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दुःख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौं। ५ तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं। ६ हामी सबै भेड़ाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ।"**

## ५. बिश्राम र अझ बढी

दगुरादगुर गर्नुपरेकोले एलिया थाकेका थिए भनेर परमेश्वरलाई थाहा छ। शारीरिकभन्दा पनि मानसिकरूपमा एलिया थाकेका थिए भन्ने कुरा परमेश्वरलाई थाहा छ। उनले आफ्नो दोषको ठूलो भारि बोकिरहेको पनि परमेश्वरलाई थाहा छ। धेरै वर्षपछि पक्षाघातले सताएको मानिसलाई येशूले निको पार्नुभएको जस्तै परमेश्वरले एलियका दोषको कागज सफा गर्नुहुन्छ र

विश्राम उपलब्ध गराउनुहुन्छ। आखिरमा उनी आरामसँग सुत्न सक्छन् र ताजा हुन्छ।

एलियाको कथा यहीँ टुङ्गिन्छ भन्ने हामीले ठानेका हौँला तर होइन। परमेश्वरले दिनुहुने विश्राम जिन्दगीमा एक फेरामात्र हुने घट्ना होइन। हामीमा भएका नकारात्मक सोच र बिगार्ने आनिबानीलाई बिस्तारै फुट्काउँदै तिनीहरूबाट स्वतन्त्र भएर अघि बढ्नु नै परमेश्वरले हामीलाई दिनुहुने विश्राम हो। परमेश्वरले कसैलाई निको पार्न चाहनुहुन्छ भने कतिपय समयमा तुरुन्तै निको पार्न हतार गर्नुहुन्न।

**अब एलिया कहाँ गइरहेको छ र किन? हेर्नुहोस्, १ राजा १९:५-८ "५ तब तिनी त्यही झाड़ीमुनि ढल्के र भुसुक्कै निदाए। तब झट्टै एउटा स्वर्गदूतले तिनलाई छोएर भने, "उठेर खाऊ।" ६ तिनले यताउता हेरे, र आफ्नो टाउकोनेर तातो भुङ्ग्रामा पोलेको एउटा रोटी र पानीको एउटा सुराही देखे। ती खाएर तिनी फेरि ढल्के। ७ परमप्रभुका स्वर्गदूत फेरि आएर दोस्रो पल्ट तिनलाई छोएर भने, "उठेर खाऊ, किनकि यात्रा तिम्रो लागि साह्रै लामो छ।" ८ यसैले तिनी उठेर खानपान गरे। त्यही भोजनको बल पाएर तिनी चालीस दिन र चालीस रात यात्रा गरेर परमेश्वरको पर्वत होरेबमा पुगे।"**

बिश्राम एलियाले भाग्ने क्रम जारीराख्छ। यस समय एलियाको भगाइमा परमेश्वरले साथ दिनुहुन्छ। यस पापमय संसारमा जीवनलाई उदास र निराश पार्छ भन्ने कुरो परमेश्वरलाई थाहा छ। हाम्रो भाग्न चाहने मनस्थिति उहाँलाई थाहा छ। तर हामी कता भाग्नुपर्ने हो त्यतातिर हाम्रो दिशा निर्देशित गर्नुहुन्छ। उदासिन जीवनमा हामीले हामीलाई नै बिनाश पार्ने खालको बानीमा पारेर राहत पाउन कोसिस गर्नुको सट्टा हामी उहाँतिर भागेको चाहनुहुन्छ। जब हामी उहाँतिर भाग्न सुरु गर्छौं तब उहाँको सानो शान्त मधुरो आवाजलाई सुनेको उहाँ चाहनुहुन्छ (१ राजा १९:१२)। उहाँको त्यस आवाजले हामीलाई विश्राम दिनेछ।

अब परमेश्वरले लक्षित गर्नुभएको ठाउँमा यात्रा गर्न एलियाको उठ्ने बल पनि भएको थिएन। परमेश्वरले उनलाई चाहिने बल वा उर्जा दिनुहुन्छ र जब उनीसँग परमेश्वर बोल्नुहुन्छ तब भोलिको दिन राम्रो हुने प्रतिज्ञा गर्नुहुन्छ।

जब एलिया झाडीमुनि ढल्केका थिए तब आफू मर्न चाहेको व्यक्त गरेका थिए, किनकि उनको निम्ति अब असल दिनहरू सिद्धियो भनेर सोचेका थिए।

हेर्नुहोस्, १ राजा १९:९-१४ "९ तिनी त्यहाँ एउटा ओड़ारभित्र पसे र त्यहीँ रात बिताए। तब परमप्रभुको यो वचन तिनीकहाँ आयो, "हे एलिया, तिमी यहाँ के गर्दैछौ?" १० तिनले भने, "सर्वशक्तिमान् परमप्रभु परमेश्‍वरको निम्ति म साह्रै जोशिलो भएको छु। इस्राएलीहरूले तपाईंको करार त्यागेका छन्, तपाईंका वेदीहरू भत्काइदिएका छन्, र तपाईंका अगमवक्ताहरूलाई तरवारले मारेका छन्। केवल म मात्रै बाँकी रहेको छु, र अब तिनीहरू मलाई पनि मार्न खोज्दैछन्।" ११ परमप्रभुले भन्नुभयो, "पर्वतमा गएर परमप्रभुको उपस्थितिमा खड़ा हो, किनकि परमप्रभु त्यहाँबाट जान लाग्नुभएको छ।" तब परमप्रभुको अगिअगि एउटा ठूलो र प्रचण्ड बतास पहाड़हरू फुटाउँदै र चट्टानहरू चिर्दैआयो, तर बतासमा परमप्रभु हुनुहुन्नथ्यो। बतासपछि भैँचालो आयो, तर भैँचालोमा परमप्रभु हुनुहुन्नथ्यो। १२ भैँचालोपछि एउटा आगो आयो, तर आगोमा परमप्रभु हुनुहुन्नथियो। अनि आगोपछि एउटा मधुरो कानेखुसी आयो। १३ जब एलियाले त्यो सुने तब तिनले आफ्नो खास्टोले मुख छोपे, र बाहिर गएर ओड़ारको मुखमा उभिए। तब एउटा आवाजले तिनलाई भन्यो, "एलिया, तिमी यहाँ के गर्दैछौ?" १४ तिनले जवाफ दिए, "सर्वशक्तिमान् परमप्रभु परमेश्‍वरको निम्ति म साह्रै जोशिलो भएको छु इस्राएलीहरूले तपाईंको करारलाई त्यागेका छन्, तपाईंका वेदीहरू भत्काइदिएका छन्, र तपाईंका अगमवक्ताहरूलाई तरवारले मारेका छन्। केवल म मात्र बाँकी रहेको छु, र अब तिनीहरू मलाई पनि मार्न खोज्दैछन्।"

**एलियाको निम्ति के साँची राखेको थियो पढ्नुहोस्, देहायका पदहरूः १ राजा १९:१५, १६ "१५ परमप्रभुले तिनलाई भन्नुभयो, "तिमी जुन बाटो आयौ, त्यही बाटो फर्किगएर दमस्कसको मरुभूमिमा जाऊ। जब तिमी त्यहाँ पुग्छौ तब हजाएललाई अरामको राजा अभिषेक गर्। १६ तब निम्शीको छोरो येहूलाई पनि इस्राएलको राजा, र हाबिलमहोलाको शाफातको छोरो एलीशालाई तिमीपछि आउने अगमवक्ता अभिषेक गर्।" र २ राजा २:११ "जब तिनीहरू कुरा गर्दै अगि हिँड़िरहेका थिए, तब एक्कासि एउटा अग्निमय रथ र घोड़ाहरू देखा परे, र दुईलाई एक-अर्काबाट अलग गरे, र एलिया भुमरीमा माथि स्वर्गतिर लगिए।"**

एलियाको निम्ति सुदिनहरू आउँदैछन् भनेर परमेश्‍वरलाई थाहा थियो। परमेश्‍वरको लयमा र उहाँको बिश्रामलाई स्वीकार गरेर हिंडे भने अगमवक्ताको निम्ति भलो नै हुनेछ भन्ने कुरो परमेश्‍वरलाई थाहा थियो। तर उनको काम तुरन्तै समाप्त भएको थिएन। राजाहरूलाई अभिषेक गर्ने उनको काम बाँकी नै

थियो र उनको पछि आउने अगमवक्तालाई नियुक्त पनि गर्नुपर्ने थियो। एलिशाको बारेमा परमेश्वरलाई अगाडि नै थाहा थियो। उनी एलियाको निम्ति छोरा जस्तै हुनेवाला थियो। एलियाको विश्वास बलियो छ भन्ने कुरो परमेश्वरलाई थाहा थियो। उनलाई पक्रिन आउनेहरूलाई स्वर्गबाट आगो पठाउन उनले प्रार्थना गर्नेछन् भन्ने कुरो उहाँलाई थाहा थियो। राजाले उनलाई पक्रन सिपाहीँहरू पठाएका थिए। एलिया पहाडमाथि थिए। तिनीहरूलाई आकाशबाट आगो वर्षाएर भष्म पारोस् भनेर उनले प्रार्थना गरेका थिए (२ राजा १:१०)। हो, निराशको भुमरीमा परेर झाडीमा मर्ने एलियाको चाहना पूरा नभइकन उनलाई आगोकै बग्गीहरूले स्वात्त तानेर स्वर्गमा उनलाई स्वर्गिय बिश्राम दिइएको थियो।

**एलियाको कथाबाट हामी के सिक्न सक्छौं? हामीलाई जुनसुकै दुःखकष्ट, आपदविपद र सन्त्रास आएपनि परमेश्वरको शक्तिले हामी अघि किन बढिरहनुपर्छ र हाम्रो प्रयास किन त्याग्नुहुन्न?**

## उपसंहारः

**थप जानकारीः** "परिस्थितिहरूको निरन्तररूपमा परिवर्तन हुने अवस्थाले गर्दा हाम्रो अनुभवमा पनि परिवर्तन भइरहन्छ; ती परिवर्तनहरूले कि त हामीलाई उचाल्दछ वा थचार्दछ। तर हामीले झेलिरहेको परिस्थितिहरूको परिवर्तनले परमेश्वरको हाम्रो सम्बन्धमा परिवर्तन हुँदैन। उहाँ हिजो, आज र सधैंभरि समान हुनुहुन्छ र सदासदा। उहाँको प्रेममा हामीले कुनै प्रश्न नउठाइकन उहाँमाथि भरोसा राख्न उहाँले हामीलाई बुझाउन चाहनुहुन्छ।"-एलेन जी ह्वाइट, *इन हेभेन्ली प्लेसेज,* पृ. १२०बाट रूपान्तरित।

"येशूतिर नजर राख्दै गर्नुहोस्, विश्वासद्वारा शान्त हृदयले प्रार्थाना गर्नुहोस्, परमेश्वरको बललाई पक्रिराख्नुहोस्। तपाईंमा भावुकता वा भावनाहरू होस् वा नहोस्, विश्वासलाई आत्मसात् गरेर अघि बढ्नुहोस्। प्रत्येक प्रार्थना परमेश्वरको सिंहासनमा पुगेको छ भन्ने कुरालाई विश्वास गरेर अघि बढ्नुहोस् र हामीलाई दिइएका प्रतिज्ञाहरू कहिल्यै पनि असफल नहुने भएकोले तिनीहरूलाई दावी गरेर परमेश्वरसँग प्रार्थना गर्नुहोस्। बोझ र दिक्दारीपनाले गर्दा ल्याउने उदासिनतालाई मत्थर गर्न तपाईंको हृदयमा परमेश्वरको भजन गाउनुहोस् र उहाँलाई उचाल्दै मनमनै धुन बजाउनुहोस्। मलाई नै थाहा भएको अनुसार वा अनुभव भएको अनुसार तपाईंलाई यो विश्वस्त गराउन चाहन्छु कि तपाईंमा ज्योति आउनेछ, उहाँको आनन्द तपाईंको हुनेछ र बादल

र तुवाँलो हटिनेछ। अनि अन्धकार र सबै थोकलाई छायाँ  जस्तो ढाक्ने शक्तिको  दवावबाट हामी परमेश्वरको उपस्थितिमा हुने घाम जस्तो चकमक उज्यालोमा हामी सबै पस्नेछौं।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्*, बुक २, पृ. २४२,२४३बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. मानसिक र उदासिनताले कष्ट पाइरहेको मानिसलाई सहायता  गर्नु प्रायजसो धेरै गाऱ्हो हुन्छ। यस्तो किसिमको मानिसलाई सहयोग गर्न तपाईंको चर्चले कस्तो रणनीति खेल्न सिक्न सकिन्छ?

आ. परमेश्वरसँग पनि इमान्दारी हुन र मन खुलाएर कुरा गर्नमा हामी प्रायजसो संघर्ष नै गर्दछौं। भजन र पुरानो करारका अगमवक्ताहरूले लेखेका पुस्तकहरू हेर्नुहोस्। बाइबलका लेखकहरूले परमेश्वरसँग खुला दिलले र इमान्दारी भएर आफ्ना भावनाहरू कसरी व्यक्त गरे सो समिक्षा गर्नुहोस्। हामी विश्वासीहरूको बीचमा पनि इमान्दारसाथ र खुला दिलको वातावरणमा कसरी चल्ने?

इ. जब हामीलाई दिक्क लाग्छ र हामी उदास हुन्छौं तब प्रार्थना गर्न पनि प्रायजसो गाऱ्है पर्छ। आफ्नो लागि प्रार्थना गर्न नसक्नेहरूको निम्ति प्रार्थना गर्नेबारे सोच्नुहोस्।

ई. विश्वास भनेको नीति हो तर भावना वा भावनात्मक वा आवेशको चलखेल होइन भन्ने कुरा सम्झिन किन महत्त्वपूर्ण छ? हामी उदासिन भयौं, निराश भयौं, डरायौं र चिन्ता गऱ्यौं भन्दैमा हामीमा विश्वासको कमी वा  परमेश्वरमा भरोसा छैन भन्ने छैन। तर केही क्षणको निम्ति हामी निराश भएका हुन्छौं, डराएका हुन्छौं, उदासिन भएका हुन्छौं र चिन्तित हुन्छौं। हामी मानव प्राणी भएकोले कुनै न कुनै बेलामा ती भावनाहरू आउनु स्वभाविकै मान्नुपर्दछ। यस्तो बेलामा जतिसुकै कठिन भएतापनि परमेश्वरमा विश्वास र भरोसा राखि हाम्रो मनलाई थामी राख्नुपर्छ भनेर हामी कसरी सिक्ने?

उ. पक्षाघात मानिसको कथाबाट हामीले कस्तो महान् आशा पाउन सक्छौं? हाम्रो जीवनको जुनसुकै गलत शैलीले गर्दा अनेकौं रोग र नोक्सान हामीमा ल्याएपनि येशूले त्यसलाई ढाक्नुहुन्छ र हामीलाई अगाढि बढाउन सक्नुहुन्छ भन्ने आत्मज्ञान त्यस कथाबाट कसरी सिक्ने?

## कथा ८

## सकर वा फुटबल, सुप, र परमेश्वर

## सखाइल सिबान्दा कामरा, नुनाभुट, क्यानाडा



*यो अन्तर्वार्ता कथा हो। यसलाई दुई जनाले प्रस्तुत गरे उपयुक्त हुनेछ।*

**प्रस्तोताः** नुनाभुत क्यानाडाको एकदम नयाँ र ठूलो क्षेत्र हो। यो उत्तर भागको

अत्यन्तै चिसो ठाउँमा छ। नुनाभुत क्षेत्र सन १९९९मा सृजना गरिएको क्षेत्र हो। यो एकदम ठूलो भूमाग हुनुको साथै यसमा फात्तफुत्तमात्रै छरिएको थोरै जनसंख्या छ। यहाँ रूखहरू कमै छ। यहाँका पहाडहरू पत्थर पत्थरको छ। यहाँ हिमाल पहाडहरू छन्। गाउँहरू प्रायजसो हिउँले ढाकेको हुन्छ। यहाँ रहेका गाउँहरू दुर्मग छ। केवल डुङ्गा वा हवाइ जहाजबाटमात्र मानिसहरू ती गाउँहरूमा जान सकिन्छ। यो सानो एडभेन्टिस्ट समूहको पनि घर हो। आज हामी ती एडभेन्टिस्टहरूमा एक जनासँग भेटघाट गर्नेछौं। (अन्तर्वार्ता लिनेतिर फर्कनुहोस्)। तपाईं को हुनुहुन्छ र कहाँबाट आउनुभएको हो सो बताइदिनुहोस्।

**सखाइलः** मेरो नाउँ सखाइल हो। म विवाहित छु र म दुई जना छोराछोरीहरूको आमा हुँ। मेरो एउटा छोरो र एउटी छोरी छन्। म इकालुइट प्रान्तको राजधानी नुनाभुत सहरमा नर्सको रूपमा काम गर्दछु। नुनाभुतमा ८,००० जति मानिसहरू छन्। हामी नुनाभुतको उत्तरी भाग पण्ड इन्लेटबाट एक वर्ष पहिले सरेका थियौं। त्यो क्षेत्र पनि १८०० जति मानिस भएको सानो समाज छ।

**प्रस्तोताः** नुनाभुट प्रान्तमा धेरै चुनौतिहरू छन्। घरबार विहिन भएका मानिसहरू छन् र घरेलु हिंसा अत्यन्तै ज्यादै छ भन्ने म सुन्दछु। त्यस्तो ठाउँमा एडभेन्टिस्टले के गर्न सक्छ?

**सखाइलः** जब हामी पण्ड इनलेटमा आयौं त्यहाँ जमैकाबाट आएको एक एडभेन्टिस्ट परिवार थियो। जब त्यस परिवार त्यस ठाउँ छोडे तब हामीमात्र एडभेन्टिस्ट थियौं। हामी त्यस समाजको मुटुमै थियौं। मेरो श्रीमान नगरपालिकाको काम गर्नुहुन्थ्यो, र म त्यस सहरको एकमात्र नर्स थिएँ। यदि

हामीले आफ्नो काम नगरेको भए त्यस सहरमा केही पनि गर्न सकिँदैनथ्यो। तर हाम्रो कामले गर्दा हामी समाजमा प्रतिष्ठित हुन पुग्यौं। हामीलाई सबैले मन पराउँथे र सम्मान गर्थे। त्यस वातावरणमा सुसमाचारको निम्ति गवाही दिन गाऱ्हो पनि थियो। कतिपय मानिसहरूले हामीले जे भन्यौं सो मान्न तयार थिए। तिनीहरूले हामीहरूमाथि विश्वास गर्दथ्यो तर त्यसको फाइदा हामी उठाउन चाहेका थिएनौं। अरूहरूको आस्थालाई हाम्रो पद र प्रतिष्ठाले प्रभाव पारेको हामीले चाहेका थिएनौं। हामीहरूको आस्थालाई अरूहरूमाथि जबरजस्ती लाड्न चाहेका थिएनौं। त्यसकारण हामी धेरै होशियार हुनुपरेको थियो। तर हामीले केही न केही त गऱ्यौं। हामीले ९देखि १२ वर्षका केटीहरूको निम्ति सकर वा फुटबल खेल्ने क्लब वा समूह खडा गऱ्यौं। त्यस पण्ड इनलेटमा केटीहरूको निम्ति सकर खेल्ने कुनै पनि क्लबहरू थिएन। हाम्रो क्लबले त्यस समाजमा धेरै असल प्रभाव पारेको थियो। ठूला मानिसहरूले तिनीहरूका छोरीहरू सहरको सडकहरूमा त्यसै लक्ष्यहिन भएर घुमिरहेको देख्न छोडे। हाम्रा केटीहरू लक्ष्य लिएर अघि बढिरहेको थियो। तिनीहरू सकर क्लबमा तालिम लिन, बाँडीचुँडी खान र मित्रता गाँस्न आउँथे। हामीले केटीहरूलाई क्लबको निम्ति चन्दा सङ्कलन गर्न पनि सिकायौं। हामीहरूले तिनीहरूलाई केक र खानेकुरा पकाउन सिकायौं। ती केक तथा खानेकुरा क्लबको उत्थानको निम्ति बेचिन्थ्यो। ती केटीहरूलाई क्लब तिनीहरूकै हो भनेर आभास् दिन चाहेका थियौं ताकि हामी त्यस ठाउँ छोडेपनि तिनीहरूले त्यस क्लबलाई निरन्तरता दिओस्।

म समाजका साना बालबालिकाहरूलाई साथी बनाउँथे। त्यसले गर्दा पनि मानिसहरू हामीप्रति प्रभावित भएका थिए। तिनीहरूका साथीहरूलाई शुक्रबार र शनिबार बेलुका हाम्रो घरमा खेल्न आउन बोलाऊ भनेर हामीले भन्थ्यौं। त्यसबेला हाम्रो साबथको आराधना हुन्थ्यो र बालबालिकाहरूलाई पनि हामीसँग सम्मिलित हुन आग्रह गर्थ्यौं।

**प्रस्तोताः** तपाईं पहिले रहेको पण्ड इन्लेटको तुलनामा अहिलेको इकालुइट कस्तो छ?

**सखाइलः** यस इकालुइटमा धेरै एडभेन्टिस्ट परिवारहरू छन्। हामीहरूमा सेवासङ्गति भएकोले हामी आत्मिकरूपमा बढ्न सहयोग भएको थियो। चर्चका अरू साथीहरूलाई हाम्रो निम्ति प्रार्थना गर्न अनुरोध गर्थ्यौं। हामी एक आफसमा सुरक्षित भएको महसुस गर्दछौं।

इकालुइटमा मैले युवाहरूको साबथस्कूल कक्षामा पावरप्वाइन्ट सिकाउँछु। साना भाइबहिनीहरूले बृद्धहरूको सेवा गर्न र अरू दयालु कामहरू गर्न सिकाउने योजना बनाइरहेको छु।

**प्रस्तोताः** त्यहाँको एडभेन्टिस्ट चर्चको निम्ति तपाईंको सपना के छ?

**सखाइलः** हाम्रो आफ्नै चर्च भवनको आवश्यक छ। हाम्रो आफ्नै चर्च भवन नहुँदा सुसमाचारीय काममा सिमित भएका छौं। जब हामी पहिले इकालुइटमा आएका थियौं त्यहाँ साबथमा सेवा गर्न समर्पित भएको ठाउँ थियो। त्यस ठाउँबाट प्रत्येक हप्ता घरबारविहिनहरूलाई झोल वा सुपखाना बाँड्यौं। साबथमा हामी सुप बाँड्न भान्सा खोल्दैनथ्यौं। तर साबथमा सेवासङ्गतिपछि मिलिजुली खाने समयमा ती घरबारविहिनहरू आउन सक्छन् भनेर तिनीहरूलाई थाहा छ। साबथको आराधना र भान्साको निम्ति बहालमा लिएको घर अहिले सानो छ। मेरो घरको बैठकमा म साबथ स्कूल चलाउँछु। साना भाइबहिनीहरूको निम्ति साबथस्कूल कार्यक्रम अर्कैको बैठकमा संचालन हुन्छ र बालबालिकहरूको निम्ति चलाउने तेस्रो साबथस्कूल कार्यक्रम अर्कै घरमा हुन्छ। ठूलाहरू हामीले बहालमा लिएको चर्च भवनमा साबथस्कूल हुन्छ। यदि हाम्रो आफ्नै उपयुक्त र सबै जना जम्मा हुन सक्ने चर्च भएको भए गजब हुन्थ्यो।

**प्रस्तोताः** क्यानाडा देशको दुर्गम प्रान्त नुनाभुटको बारेमा झल्को दिनुभएकोमा तपाईंलाई धेरै धन्यवाद छ।

*यस त्रैमासिक भेटीको केही भाग नुनाभुट समाजको निम्ति नयाँ चर्च र सामाजिक सेवाको निम्ति भवन बनाउन सहयोग मिल्नेछ। यसले नुनाभुट समाजमा सुसमाचार सनाउन र परमेश्वरको महिमा गर्न सहयोग मिल्नेछ।*